नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष **श्री केपी शर्मा ओलीज्यू** को अध्यक्षतामा समितिको ४५औं बैठक राष्ट्रिय योजना आयोगको सभाकक्ष सिंहदरबारमा आज सम्पन्न भयो। बैठकमा माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरु, छ वटा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, माननीय राज्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय महालेखापरिक्षक, माननीय महान्यायाधिवक्ता, सम्माननीय प्रधानमन्त्रीका मुख्य सल्लाहकार, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल राष्ट्र बैंकका गभर्नर, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, आयोगका सदस्य सचिव, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेलबाट चालु आ.व. २०७५/७६ को चैत्र मसान्तसम्मको प्रमुख आर्थिक सूचकहरुको स्थिति, दोस्रो चौमासिक अवधिका लागि विभिन्न निकायहरुमा बिनियोजित बजेट, खर्चको अवस्था र आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरु एवम् प्रथम प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रगति, भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी प्रगति, समितिको ४४औं बैठकका निर्णय कार्यान्वयनको स्थिति तथा राष्ट्रिय गौरवका आयोजनाहरुको आयोगबाट भएको स्थलगत अनुगमनमा देखिएका एवम् अन्तरमन्त्रालय प्रकृतिका समस्या र तिनको समाधानका लागि प्रस्तावित उपायहरु समेटिएको प्रस्तुति भएको थियो। माननीय उपाध्यक्षको प्रस्तुति पश्चात् प्रस्तुत विषयहरुका बारेमा छलफल गरी बैठकले विभिन्न ९ वटा निर्णयहरु गरेको छ। बैठकको शुरुवातमा आयोगका सदस्यसचिव श्री लक्ष्मण अर्यालले स्वागत मन्तव्य दिनुभएको थियो।

**बैठकको अन्त्यमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूले बैठकलाई सम्बोधन गर्ने क्रममा देहायका निर्देशन दिनुभयो ।**

१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५औं बैठक गर्दै गर्दा चालु आर्थिक वर्ष २०७५/७६ को अन्तिम समयमा छौं। मन्त्रालयगत प्रगतिको समीक्षाबाट विकास कार्यक्रम र आयोजनाको प्रगति विगतमा भन्दा सुधारिएको भएतापनि अपेक्षित लक्ष्य हासिल गर्न गम्भिर भएर मेहनत गर्नुपर्ने छ। यो वर्षको लागि तोकिएका कार्यक्रम समयमै सम्पन्न गर्नु हुनेछ।

२. चालु आर्थिक वर्षमा ७.९ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यका साथ नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा ल्याइएकोमा लक्ष्यको नजिकको वृद्धिदर हासिल गर्न सकेका

फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

छौं। संघ, प्रदेश र स्थानीय तहमा भएको खर्चका कारण पुँजीगत खर्चमा वृद्धि हुनुको साथै निजी क्षेत्रका आर्थिक क्रियाकलापहरूमा भएको विस्तारका कारण लगानी उल्लेख्य रूपमा वृद्धि भएको छ। परिणामस्वरूप दुई अंकको आर्थिक वृद्धिको लक्ष्यसहित समृद्धि हासिल हुने बलियो आधार निर्माण भएको छ। पन्ध्रौं योजनाको आधारपत्र प्रकाशित भइसकेको सन्दर्भमा आगामी विकास नीति, योजना तथा कार्यक्रमहरू सो योजनामा उल्लेखित उद्देश्य, लक्ष्य, रणनीति तथा कार्यनीतिलाई केन्द्रमा राखी कार्यान्वयन गर्ने।

३. यस अवधिमा धान, मकै, तरकारी, मासु र दुग्धजन्य पदार्थहरूको उत्पादनमा उल्लेख्य बृद्धि भई आधारभूत कृषि उत्पादनमा मुलुक आत्मनिर्भरता तर्फ उन्मुख भएको छ । ३ हजार २ सय हेक्टर क्षेत्रमा थप सिंचाइ सुविधा विस्तार भएको छ। यस उपलब्धीलाई कायम राख्दै आगामी दिनमा थप प्रगतिका साथ उत्पादन र उत्पादकत्व बृद्धि गर्न पहल गर्ने।

४. दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधार-पत्र स्वीकृत भइ **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने मार्गचित्र तयार भएको छ। पन्ध्रौं योजनामा उल्लेखित राष्ट्रिय लक्ष्यहरुसँग सामञ्जस्य हुनेगरी सबै प्रदेशहरुले प्रादेशिक खण्डीकृत तथ्यांक समावेश गरी आवधिक योजनालाई आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याउने। सबै मन्त्रालयले विकास कार्यक्रम कार्यान्वयन गर्दा भौतिक तथा वित्तीय प्रगतिबीच सन्तुलन मिलाउने गरी कार्यक्रममा जोड दिने।

५. संविधान कार्यान्वयन र वित्तीय संघीयताका लागि आवश्यक कानुन, जनशक्ति तथा संरचना छोटो समयमा तयार भई संविधान र वित्तीय संघीयताको कार्यान्वयनको यस अवधिमा भएका उपलब्धिहरू उत्साहप्रद नै छन्।

६. विकास योजना तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा मासिक लक्ष्य निर्धारण गरेर हासिल गर्ने गरी सम्पूर्ण प्रयास केन्द्रित गर्ने। स्थानीय तहको विकास कार्यक्रम र योजना समेत प्रदेशका मुख्यमन्त्रीहरूले अनुगमन र सहजीकरण गर्ने। साथै, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धी सम्पूर्ण तयारी यस आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने।

७. राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समय भित्र र तोकिएको गुणस्तर कायम गरी सम्पन्न गर्नको लागि सबै मन्त्रालय तथा निकायहरुले जिम्मेवारीपूर्वक र समन्वयात्मक रुपमा कार्य गर्ने। साथै, राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने व्यवस्था मिलाउने। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको आयोजना सहजीकरण समन्वय समितिलाइ प्रभावकारी रुपमा परिचालन गर्ने।

८. आयोजना सुशासनको क्षेत्रमा अझैपनि अपेक्षित सुधार हुन नसकेकाले आयोजना पहिचान, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्यांकनका क्षेत्रमा नतिजा, समय र उत्तरदायित्वमा विशेष ध्यान दिने। बजेट जेठ १५ गते नै प्रस्तुत हुने तर सरकारी ठेक्का माथिको चाप वर्षान्तमा पर्ने

फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np